
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर १२ गते बुधबार ❑ 27 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## भ्रष्टाचारी उम्कन पाउँदैनन् : सञ्चारमन्त्री गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, ११ मंसिर



सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेकपा (एमाले) उपमहासचिव पृथ्वीसुब्बा गुरुङले भ्रष्टाचारमा संलग्न जो कोही पनि उम्कन नपाउने बताउनुभएको छ ।

नेकपा (एमाले) गण्डकी प्रदेश कमिटीद्वारा मंगलबार पोखरामा आयोजित कार्यक्रममा उहाँले भ्रष्टाचारमा संलग्न ठहरिएका जो सुकैलाई कानुनअनुरुप करबाही गरिने बताउनुभयो। मुलुकमा अस्थिरता निम्त्याउन छुट नभएको बताउँदै सञ्चारमन्त्री एवं सरकारका प्रवक्ता गुरुङले अस्थिरताको अन्त्य र सुशासन अभिवृद्धिका लागि सरकार क्रियाशील रहेको बताउनुभयो । टिकटकलगायत सामाजिक सञ्जाल युवा वर्गका लागि स्वरोजगारको माध्यम बनेको बताउँदै उहाँले प्रविधिको माध्यमबाट आगामी दुई वर्षमा तीनदेखि रु पाँच लाख युवालाई रोजगारी सिर्जना गर्ने लक्ष्य रहेको बताउनुभयो । पुँजीगत खर्च बढाउन सरकारले आवश्यक तयारी गरिरहेको जानकारी दिँदै मन्त्री गुरुङले सार्वजनिक खरिद ऐन संशोधन गर्नुपर्ने, वन ऐन, र विद्युत् ऐन तथा नियम विकासका बाधक भएको बताउनुभयो । नेकपा (एमाले) गण्डकी प्रदेश कमिटी अध्यक्ष नवराज शर्माले पार्टीप्रति युवाको आकर्षण बढेको बताउँदै नवप्रवेशीलाई योग्यता क्षमताका आधारमा जिम्मेवारी प्रदान गरिने बताउनुभयो । प्रदेश कमिटी उपसचिव दामबहादुर विश्वकर्मा, सचिवालय सदस्य टीकाराम पङ्गेनी, पार्टी नेता कृष्ण थापा, सुधीर थापालगायतले पार्टीको विचार सिद्धान्तका बारेमा प्रकाश पार्नुभएको थियो।

## १७ औं हिसान कास्की स्पोर्टस् मीट शुभारम्भ

### स्वस्थ शरीर र स्वस्थ मस्तिष्कयुक्त नागरिक उत्पादनमा खेलकुद सहयोगी: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, ११ मंसिर




गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले स्वस्थ शरीरमा स्वस्थ मन हुने बताउँदै स्वस्थ तनमनले नै ज्ञान लिन सक्ने बताउनुभएको छ । स्वस्थ तनमनको आधारशीला भने खेलकुद रहेको उहाँको भनाई छ।

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ (हिसान) कास्कीको आयोजनामा पोखरामा सञ्चालित १७ औं हिसान स्पोर्ट्स मीट २०८१ को औपचारिक समुद्घाटन गर्दै प्रमुख अतिथि भट्टले स्वस्थताका लागि खेलकुदको महत्वलाई प्रष्ट पार्नुभएको हो । 'स्वस्थ शरीर नै एउटा मान्छेका लागि सुख र आनन्द हो । अनुशासित स्वस्थ शरीर र स्वस्थ मस्तिष्कयुक्त नागरिक उत्पादनमा खेलकुद सहयोगी सिद्ध छ । स्वस्थ शरीर र निरोगी मस्तिष्कबाट नागरिकले सुन्दर भविष्यको रुपरेखा कोर्छन् । अनि मात्र मुलुक समृद्ध बन्दछ ।' प्रदेश प्रमुख भट्टले भन्नुभयो ।

खेलकूद र शिक्षा एक अर्काका पूरक भन्दै उहाँले यसलाई तालमेल मिलाउँदै हिसान कास्कीले विगत १७ वर्षदेखि यस प्रकारका गतिविधि गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो। 'विद्यालयमा विभिन्न क्षेत्र, लिङ्ग, वर्ग, संस्कृति र सामाजिक परिवेशका बालबालिका अध्ययन गर्न आउँदछन् । उनीहरूलाई शिक्षासँगै खेलकुदको माध्यमबाट सर्वाङ्गीण विकासका लागि विद्यालयको महत्वपूर्ण भूमिका हुन्छ।' उहाँले भन्नुभयो। खेलकुद विकासको आधार स्तम्भ विद्यालय रहेको बताउँदै उहाँले दक्ष जनशक्ति, सुयोग्य नागरिक उत्पादनको कारखानाको रूपमा रहेको विद्यालयमा खेलकुदको विकासको विकल्प नरहेकोमा जोड दिनुभयो । पछिल्लो समय नेपाल खेलकुदको माध्यमबाटसमेत चिनिँदै गएको उल्लेख गर्दै उहाँले सशक्त र पूर्वाधार सम्पन्न मुलुकहरुलाई खेलकै माध्यमबाट पराजित गर्न सकेको र खेलकुदले राष्ट्रको गौरव, शान, मान, पहिचान स्थापित गरेको बताउनुभयो ।

खेलकुद क्षेत्रको विकासले सामाजिक एकता र समृद्धिको आधारशीला तयार पार्ने हुँदा राज्यले खेलकुद विकासका लागि ठोस नीति र दृष्टिकोण बनाएर अगाडि बढिरहेको जनाउँदै उहाँले बालबालिकाको शिक्षा, स्वास्थ्य एवं खेल भविष्यका लागि सानैबाट पहलकदमी लिई जस्ता संस्थाले गरेको गतिविधि प्रशंसायोग्य रहेको बताउनुभयो ।

आफ्ना सदस्य विद्यालय तथा कलेजहरूमा अध्ययन गर्ने विद्यार्थीहरू बीच आपसी मित्रताको अभिवृद्धि गराउने तथा उनीहरूलाई स्वस्थ खेल प्रतिष्पर्धाको अवसर प्रदान गर्न हिसानको यो खेलकुद कार्यक्रम प्रशंसनीय रहेको उहाँको भनाई छ। निजी शिक्षालयहरूको साझा संगठनका रुपमा रहेको हिसान अन्तर्गत देशभर ४० हजार भन्दा बढी विद्यार्थी र १० हजार बढी कर्मचारीहरु छन् । हिसान कास्की शाखामा प्याब्सन, एनप्याब्सन, युनिप्स लगायतका संस्थामा संगठित ६५ भन्दा बढी प्लस टु विद्यालय र १५ वटा कलेजहरु आबद्ध रहेका छन् ।

'स्वास्थ्य, अनुशासन र प्रतिभा प्रस्फुटनका लागि खेलकुद' नाराका साथ आयोजित यस १७ औं संस्करणको खेलकुद महोत्सवमा कास्कीका ७५ विद्यालय तथा कलेजहरूका ५ हजार भन्दा बढी विद्यार्थीले दर्जनौं प्रकारका खेलकुद प्रतियोगितामा सहभागिता जनाएको हिसान कास्कीका सचिव किरण सापकोटाले जानकारी दिनुभयो ।

## सेती नदीको पुल निर्माण : २८ प्रतिशत भौतिक प्रगति

पोखरापत्र संवाददाता
पोखरा, ११ मंसिर



पोखरा-मुग्लिन सडक आयोजनाअन्तर्गत सेती नदीमाथीको निर्माणाधीन पुलको भौतिक प्रगति २८ प्रतिशत पुगेको छ। 'केबल-स्टेड' प्रविधिको उक्त पुलको तीनवटा जगको काम पूरा भएको र एउटा निर्माणको क्रममा रहेको आयोजनाका इन्जिनियर सौजन्य नेपालले जानकारी दिनुभयो ।

निर्माण कम्पनी रसुवा कन्स्ट्रक्सनले गत वर्षको असाजेदेखि पुल निर्माण सुरु गरेको थियो। दुई वर्षअघि ठेक्का सम्झौता भए पनि डिजाइन स्वीकृत गर्न र निर्माणस्थलमा रहेका अवैध संरचना हटाउन समय लागेकाले पुल निर्माण ढिला सुरु गरिएको हो । निर्माणको सम्झौता अवधि अझ एक वर्ष बाँकी छ। "तीनतिर टावरको काम सुरु भइसकेको छ, चालु आवभित्रमा तल्लो भाग निर्माण सक्ने लक्ष्य लिइएको छ", इन्जिनियर नेपालले भन्नुभयो, "जग निर्माणमा समय बढी लाग्यो, अब टावरलगायत माथिल्लो संरचनाको काम तीव्र गतिमा हुन्छ ।" उहाँका अनुसार हालको चाइना पुलको तल र माथि गरी आकर्षक बनावटका दुईवटा 'सिग्नेचर' पुल बन्नेछन् ।

एसियाली विकास बैंकको अनुदान सहयोगमा सडक विभागमार्फत उक्त पुल बन्न निर्माण भइरहेको हो। भ्याटबाहेक रु ९४ करोडको ठेक्का लागेको हो । उक्त पुल बनेपछि पर्यटकीय राजधानी पोखराको आकर्षण थप बढ्ने आशा गरिएको छ । पुलको डिजाइन आकर्षक रहेको इन्जिनियर नेपालले बताउनुभयो। निर्माणमा कुनै बाधा नआए आगामी एक वर्षभित्र पुल निर्माण सम्पन्न हुने निर्माण कम्पनीले जनाएको छ। एक सय ९० मिटरको उक्त पुल निर्माणमा कङ्क्रिट र फलामको प्रयोग हुने जनाइएको छ । पुल निर्माणपूर्व विदेशी प्राविधिकसहितको टोलीले पुलको डिजाइन गरेको थियो।

## आईसीसीको टोली पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, ११ मंसिर



विश्वकप क्रिकेटका केही खेल पोखरामा हुन सक्ने सम्भावनाले यति वेला आईसीसीको टोली पोखरामा रहेको छ। नेपालमा सन् २०२७ मा हुने महिलाहरुको यु-१९ वल्डकप क्रिकेट प्रतियागिताका केही खेलहरु पोखरामा समेत हुन सक्ने सम्भावनाको खोजि गर्न आईसीसीको एक टोली हाल पोखरामा आएको हो ।

नेपालले महिला यू–१९ विश्व कप क्रिकेट आयोजना गर्ने भए पछि पोखरामा पनि यसको कति सम्भावना छ भनेर आईसीसीको टोली पोखरा आएको क्यान गण्डकीका अध्यक्ष संजयकान्त सिग्देलले बताउनु भयो । पोखरामा केही थोरै प्राविधिक बिषयहरु बाहेक अन्य हिसावले पोखरा निकै उपयुक्त भएको उहाँको दाबी छ । अन्तराष्ट्रिय क्रिकेट परिषद(आईसीसी) को बोर्ड बैठकले सन २०२७ मा नेपाल र बंगलादेशमा उक्त वर्ल्ड कप क्रिकेट आयोजना गर्ने ंनिर्णय गरेको हो । सोही अनुसार आईसीसी प्रतिनिधिको एक टोलीले मंगलबार पोखरा रंगशालाको क्रिकेट मैदानको अध्ययन तथा अवलोकन गरेको छ। टोलीमा आईसीसीका वरिष्ठ प्रबन्धक रोहित पोडर, विकास अधिकृत अमिनुअल इस्लाम, साथमा नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्द, क्यानका कोषाध्यक्ष पदम खड्का लगायतको सहभागिता रहेको क्यान गण्डकीका अध्यक्ष संजयकान्त सिग्देलले बताउनु भयो । टोलीले पोखरा रंगशालाको क्रिकेट मैदानको बारेमा सोधपुछ गरेको छ। टोलीले केही समय पछि पोखरामा उक्त वर्ल्ड कप आयोजन गर्न उपयुक्त स्थान हुने वा नहुने अर्थात केही सुझावहरु भने आईसीसीलाई नै बुझाउने भएको हो । उक्त टोलीलाई मंगलबार पोखराका मेयर धनराज आचार्यले खाला लगाउदै पोखरामा स्वागत गर्नु भएको छ।

विश्वकप पोखरामा आयोजना गर्न आफुहरु तयार रहेको आवश्यक कुनै थप भौतिक पूर्वाधार निर्माण गर्ने बिषयमा समेत महानगर सकरात्मक भएको उहाँको भनाई थियो । यही मंसिर १५ गतेबाट नेपालमा सुरु हुने आईपिएल लिग क्रिकेटमा गण्डकी प्रदेशको टिम पोखरा एभेन्जर्सको प्रोत्साहन र हौसलाको लागि समय मिलेसम्म हुटिङ गर्ने बताउनु भयो । यसैबिच, केही दिन देखि पोखरा एभेन्जर्सको टिम पोखरा रंगशालामा प्रशिक्षणमा व्यस्त भएको छ ।

पोखराका मार्कि खेलाडी कुशल भुर्तेल हुनुहुन्छ भने प्रशिक्षकमा भारतका राजीव कुमार रहनु भएको छ । मंसिर १८ गते चितवनको चितवन राइनोज संग पोखरा एभेन्जरले पहिलो खेलमा प्रतिष्प्रार्धा गर्ने भएको छ ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

बालअधिकारप्रति संवेदनशील बनौं

◆ माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरन्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्,

◆ बालबालिकाकाको बाँच्न पाउने, संरक्षण, विकास एवं सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं,

◆ बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं । बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# 'जलवायु परिवर्तनले वातावरणमा असर'

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ११ मंसिर



जलवायु परिवर्तनले वातावरणमा प्रभाव पारेको असरका बारेमा स्याङ्जामा जलवायु गोष्ठी गरिएको छ।

नेपाल पानी सदुपयोग फाउण्डेसनको सहकार्य र गल्याङ नगरपालिकाको आयोजनामा जलवायुको परिवर्तनले वातावरणीय प्रभावमा पारेको असर बारे जलवायु गोष्ठी गरिएको हो । गोष्ठीमा जलवायु परिवर्तनको असर पानी देखी कृषि, स्वास्थ्य, पशुपंक्षी लगायतमा देखीएको वातावरण विदहरुले बताएका थिए । स्याङ्जाको गल्याङ नगरपालिकामा आयोजना गरिएको गोष्ठीमा जलवायु तथा पानी व्यवस्थापन समस्झा पहिचान, गण्डकी प्रदेशमा पानी र जलवायु जोखिम न्युनीकरणका लागि सामुदायिक संस्था र नागरिकको भुमिका, जलवायु तथा पानी व्यवस्थापनमा सहरीकरणका चुनौती र सम्भावना, जलवायु तथा पानी व्यवस्थापनमा गल्याङ नगरपालिकाको चुनौती र अवसरहरु लगायतका बिषयमा वातावरण विद, स्थानीय र सरोकारवालाहरु विच छलफल गरिएको थियो।

जलवायु गोष्ठीमा वातावरण विद्हरुले तीनै तहका सरकारले विज्ञहरुको सुझावका आधारमा नीति निर्माण गर्नुपर्ने सुझाव दिएका छन्।वातावरणप्रभावको रोकथाममा तीनैतहका सरकारहरु चनाखो नदेखिएको भन्दै बेलैमा यसको रोकथाम गरिएन भने वातावरणीय प्रभावको सामना गर्नुपर्ने सुझाव दिए । परम्परागतशैलीलाई छाड्दै आधुनीकशैलीमा हरेक बस्तुलाई अगाल्दै जाँदा वातावरणमा परिवर्तन भएको विज्ञहरुको भनाई थियो । तीनैतहका सरकार र तीनका मातहतले गर्ने विकासका योजनाहरुमा कुनै समन्वय नहुँनु, गाउँ र शहर नछुट्याउनु, एकिकृत बस्ती तर्फ ध्यान केन्द्रीत नहुनु, जलाधार क्षेत्रको संरक्षणमा सोही खालाका बिरुवा रोपण नहुनु, कृषिलाई आधुनिकताको नाममा रासायनिक मलको बढी प्रयोग हुनु र शिक्षामा वातवराण सम्वन्धी पठनपाठन नहुनु लगायतका समस्याले नेपालमा जलवायु परिवर्तनका असरहरु देखिएको विज्ञहरुले औल्याएका छन् । गोष्ठीमा नेपाल सरकारका पुर्व मन्त्री दिपक ज्ञावालीले वातावरण नीति संघ र प्रदेशले नदिएपनि स्थानीयतहले विज्ञहरुको सहयोगमा तयार गर्नुपर्ने सुझाव दिए। आफ्नै थालथलोको विकास आफै गर्ने बानीको विकास र अर्गानीक खेतीको अवधारणा ल्याउन उनले जोड दिए । धेरै उत्पादन हुने नाममा आधुनिक खेती प्रणालीले वातावरणमा परेको असर थाहा नपाउदा जग्गाजमिनमा अम्लियपन देखिन थालेकोले अव परम्पारगत खेतीगर्ने शैलीअपनाउनुपर्नेज्ञावालीलेबताएकाठमाण्डौ विश्वविद्यालयका उपप्रध्यापक डाक्टर नानी रावतले हाम्रो माटोमा धेरै बिषदीयुक्त पदार्थ प्रयोगले धेरै असर गरेको बताइन् । माटोलाई सुधार्न धेरै खर्च गर्नुपर्ने भएकाले रासायनिक मलको प्रयोग भन्दा घरेलु मल प्रयोग गर्ने विधि अपनाउन रावतले सुझाइन् । जलवायुको सबैभन्दा बढी असर माटोमा परेको र माटोमै उत्पादन हुने बस्तुले वातावरणीय प्रभावमा धेरै असर परेको उनीहरुको भनाई थियो । काठमाण्डौं विश्वविद्यालयका प्रध्यापक डाक्टर चन्द्रलाल पाण्डेले गाउँ र शहर चिन्न नसक्दा धेरै विकासमा समानुपातिक नभएको बताए । खानेपानीको वितरण शैली समानुपातिक बनाउन सुझाव दिए। माटोका घर बनाउन भन्दा बढी सिमेन्टेट घर बनाउने होडबाजीले हाम्रो जमिन र पानीमा ठुलो असर पुगेको बताए। एकिकृत बस्तीको अवधारणा ल्याएर बजेट र वातावरणलाई जोगाउन सबै लाग्नुपर्ने पाण्डेको धारणा थियो। बन तथा भुपरिधि योजना विद लक्ष्मीदत्त भट्टले सामुदायिक बनको अवधारणाले बनक्षेत्र राम्रो भएपनि जलाधार क्षेत्र सुक्दै जान थालेको बताए । जलाधारलाई राम्रो गर्ने बोट बिरुवा बृक्षारोपण गर्नुभन्दा जलाधार सुकाउने बाट बिरुवा बृक्षारोपणमा बढी ध्यान केन्द्रीत हुँदा खानेपानीका मुहानहरु सुक्न थालेको बताए । जसले गर्दा खोलानालाहरु समेत संकटमा पर्दै जान थालेको भट्टले बताए । एउटै बिरुवा भन्दा पनि विभिन्न जातजातीका बिरुवाहरु रोपण गर्दै काठ आयतलाई रोक्न उनले सुझाए। नेपाल पानी सदुपयोग फाउण्डेसनका अध्यक्ष डाक्टर डमिन्द्र दाहालले सरोकार र वातावरण विदहरु विच सहजीकरण गरैका थिए।

जलवायु परिवर्तनले पानी, स्वास्थ्य, जैविक विविधता, कृषि, वन तथा पशुपालनमा अत्यन्त नराम्रो प्रभाव परिसकेको हुँदा स्थानीय तहदेखि केन्द्रसम्म यसका वारेमा साझा धारण वनाउन आवश्यक रहेको उनीहरुको सुझाव थियो। सरकारको नीतिगत समस्याका कारण स्थानीय तह, प्रदेश र केन्द्र सरकारले गर्ने काम र क्षेत्रको वारेमा प्रष्ट नीति हुनु आवश्यक रहेको समेत विज्ञहरुले औल्याएका थिए । नगर प्रमुख गुरुप्रसाद भट्टराईले केन्द्रीय नीति प्रष्ट नहुँदा स्थानीयतहमा काम गर्न निकै कठिनाई हुने गरेको धारणा राखे । पानीलाई सदुपयोग गर्न नसक्दा सिंचाई देखी खानेपानीको समस्या खेप्नुपर्ने समस्या बढ्दो रहेको नगर प्रमुख भट्टराईले बताए। जलवायुको असरकै कारण धेरै बाढीपहिरो जान थालेकोले जलवायु अनुकुलका योजनाहरु अगाडी सानुपर्ने भट्टराईको सुझाव थियो।

# मुग्लिन-पोखरा सडकः पूर्वी खण्डको म्याद दोस्रोपटक थपियो

रासस
दमौली, ११ मंसिर



मुग्लिन-पोखरा सडकअन्तर्गत पूर्वी खण्डको म्याद दोस्रोपटक थप भएको छ । तनहुँको आँबुखैरेनीबाट जामुनेसम्मको उक्त खण्डमा आगामी फागुन १ गतेसम्म म्याद भएको छ।

यसअघिको म्याद गत वैशाख २ गते सकिएकामा त्यसपछि पहिलोपटक एक सय ५५ दिन म्याद थप भएको थियो । आयोजनाका इन्जिनियर विष्णुप्रसाद पाण्डेका अनुसार दोस्रोपटकका लागि उक्त खण्डको म्याद थप भएको छ । दोस्रोपटक थप भएको म्याद अवधिभित्र काम सम्पन्न गर्नेगरी कामलाई तीव्रता दिइएको पाण्डेले जानकारी दिनुभयो । यस अवधिसम्म सडकको काम ६८ प्रतिशत सकिएको छ।

पूर्वी खण्डमा अन्तिम कालोपत्रसमेत थालिएको छ। आँबुखैरेनी गाउँपालिका-२ मार्कीचोकबाट सत्र सय खण्डमा अहिले अन्तिम कालोपत्रको काम भइरहेको पाण्डेले बताउनुभयो। यसअघि कालोपत्र भइसकेको ठाउँमाथि नै अन्तिम चरणको कालोपत्रको काम सुरु गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यसअघि सडकको मोटाइ छ सेन्टिमिटर थियो, अब त्यहीँ ठाउँमा थप चार सेन्टिमिटरको काम हुनेछ।" अन्तिम चरणको कालोपत्रअन्तर्गत हालसम्म दुई दशमलव चार किलोमिटरभन्दा बढीमा कालोपत्र सकिएको छ।

पाण्डेका अनुसार पूर्वी खण्डअन्तर्गत ६३ किलोमिटर दूरीमा कालोपत्र भएको छ । त्यसमध्ये २९ किलोमिटर खण्डमा चार लेन र पाँच किलोमिटर खण्डमा दुई लेनको कालोपत्र भएको छ। पाण्डेले भन्नुभयो, "पहिलो चरणमा एकतर्फी अन्तिम कालोपत्र सकेर अर्कोतर्फ काम सुरु गरिनेछ । अन्तिम चरणको कालोपत्र सकिएपछि सडक रङरोगनको काम अगाडि बढ्नेछ।" पूर्वी खण्डअन्तर्गत नै दमौलीको बुल्दीपुलबाट घाँसीकुवातर्फको खण्डमा पनि एक-दुई दिनभित्र कालोपत्रको काम सुरु गर्ने तयारी रहेको पाण्डेले बताउनुभयो । दमौली बजारमा पनि सडक विस्तारका लागि अहिले नाला बनाउने काम भइरहेको छ। दमौली बजारमा केन्द्रविन्दुबाट २३-२३ मिटरलाई आधार मानेर सडक विस्तारको काम हुनेछ। यो खण्डमा १४ वटा साना पुल निर्माण सकिएका छन् । व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमा निर्माण भइरहेको पुलको काम ४५ प्रतिशत सकिएको छ। पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ। विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो। पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा लागेको छ। पश्चिम खण्डतर्फ हालसम्म ३२ प्रतिशत प्रगति भएको छ। पश्चिमखण्ड (जामुने-पोखरा)को म्याद आगामी डिसेम्बर ६ सम्म बाँकी छ। तर उक्त अवधिसम्म काम नसकिने भएपछि ठेकेदार कम्पनीले म्याद थपको प्रस्ताव गरेको छ।

# बाराही मावि वार्षिकोत्सवमा क्लस्टर स्तरीय फुटबल प्रतियोगिताको उपाधि कालिकालाई

पोखरापत्र संवाददाता
पोखरा, ११ मंसिर



बाराही माध्यमिक विद्यालयले आयोजना गरेको क्लस्टर स्तरीय फुटबल प्रतियोगिताको उपाधि कालिका मावि रामबजारले जितेको छ।

कालिकाले विन्ध्यवासीनि मावि पोखरा १६ लाई ट्राइबेकरमा हराउदै उपाधि जितेको हो। निधारी समयमा गोल रहित बराबरी भएपछि खेल ट्राइबेकरमा पुगेको थियो । ट्राइबेकरमा कालिकाले विन्ध्यवासीनिलाई ३-२ गोलले हरायो । पोखरा ५, मालेपाटनमा रहेको बाराही माविले विद्यालयको ६७ औं वार्षिकोत्सव र अभिभावक दिवसको अवसरमा क्लस्टर स्तरीय सेभेन ए साइड फुटबल प्रतियोगिताको आयोजना गरेको थियो। कालिकाले उपाधि सहित नगद ३० हजार, ट्रफि, मेडल र प्रमाणपत्र हात पाऱ्यो। त्यसै गरी विन्ध्यवासीनिले नगद २० हजार ट्रफि, मेडल, प्रमाणपत्र प्राप्त गरेको छ। प्रतियोगिताका उत्कृष्ट खेलाडी कालिका माविका कुशल नेपाली, हाइस्कोरर विन्ध्यवासीनि माविमा सरोज थापा, उत्कृष्ट गोलकिपर कुशल नेपाली कालिका मावि, उत्कृष्ट डिफेन्स विन्ध्यवासीनिका विपिन गुरुङ, उत्कष्ट स्टाइकर कालिकाका बिवास गुरुङ र उत्कृष्ट कोचको उपाधि कालिकाका आशिष श्रेष्ठले जित्न सफल भए । त्यसै गरी छात्रा तर्फको मैत्रिपुर्ण खेलमा कन्या माविले बाराही माविलाई १-० गोलले हरायो । क्लस्टर स्तरीय प्रतियोगिता पहिलो पटक आयोजना भएको हो । हुन लागेको हो। कास्की जिल्लाका १५ वटा विद्यालयहरूले प्रतियोगितामा सहभागीता जनाएका थिए । प्रतियोगिताले विद्यार्थीहरूको खेलकुदमा रुचि र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गर्न गरेको विद्यालय प्रधानध्यापक शिव भण्डारीले जानकारी दिए। विजेता खेलाडीलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष निर्मल खत्री, समाजसेवी पुरुषोतम प्रसाद पराजुली, हेमराज अधिकारी, लक्ष्मण बराल, प्रधानध्यापक शिव भण्डारी, बाराही विद्यालयका खेलकुद संयोजक सुशील केसी लगाएतले पुरस्कार वितरण गरे।

# 'ड्रागन फ्रुट बिक्री गर्न समस्या छैन'

पोखरापत्र संवाददाता
वालिङ, ११ मंसिर



यहाँका एक किसानले 'ड्रागन फ्रुट' बिक्रीबाट रु १८ लाख आम्दानी गर्न सफल हुनुभएको छ । स्याङ्जाको वालिङ-१ धरमपानीमा व्यावसायिक रूपमा ड्रागनखेती गर्नुभएका कृष्णप्रसाद ढुङ्गानाले ड्रागन बेचेर रु १८ लाख आम्दानी गर्नुभएको हो।

चार हजार पाँच सय केजी ड्रागन बिक्री गरेर उक्त आम्दानी लिन सफल भएको व्यवसायी ढुङ्गानाले बताउनुभयो । असी रोपनी जग्गा भाडामा लिएकोमध्ये ४० रोपनीमा तीन वर्षअघि व्यावसायिक ड्रागनखेती गर्नुभएका ढुङ्गानाले यस वर्ष एकै याममा मनग्य आम्दानी गर्न सफल हुनुभएको हो।

"असी रोपनी जग्गा भाडामा लिएर व्यवसाय थालेको हुँ", उहाँले भन्नुभयो, "सुरुमा मलाई केही पनि ज्ञान थिएन, युट्युव हेर्दै काम गर्न थालेँ, सिक्दै गएँ अहिले धेरै राम्रो भएको छ, कमाई पनि राम्रो भएको छ।" ड्रागन थोकमा प्रतिकेजी रु चार सयका दरले र खुद्रामा प्रतिकेजी रु पाँच सयका दरले बिक्री भएको उहाँले बताउनुभयो । यहाँ उत्पादन भएको ड्रागन पोखरा, स्याङ्जा र वालिङमा खपत भएको हो।

आफ्नो र बाँकी जग्गा दाजुभाइको भाडामा लिएर अहिले ४० रोपनीमा पाँच हजार ड्रागनले फल दिएको उहाँले बताउनुभयो । "नयाँ र नौलो व्यवसायको थालनी गर्दा हेर्न आउनेहरूले के नचाहिँदो काम गरेको होला भनेर होच्याउने गर्थे, पागल भएछ कि क्या हो समेत भन्थे", उहाँले भन्नुभयो, "अहिले व्यवसाय राम्रो भएर आम्दानी लिन थालेपछि पहिला नराम्रो भन्नेहरू पनि हेर्न र बुझ्न बगैँचामा आउने गरेका छन्।"

उहाँले एउटा पिलरमा तीनवटाका दरले ड्रागनका बेर्ना लगाउनुभएको छ। ड्रागन बगैँचामा बिरुवाको बीच-बीच भागमा अदुवा, सखरखण्ड, पिँडालुलगायत मिश्रित बाली लगाउनुभएको छ। "नयाँ र नौलो फल भएकाले यहाँ आउनेलाई खान दिने, आफन्तलाई कोसेली पठाउनेसमेत गरियो", उहाँले भन्नुभयो, "आम्दानी अझै धेरै हुन्थ्यो, वर्षामासमा परेको निरन्तरको झरीले झण्डै रु १० लाखको ड्रागनको फूल नै नष्ट गरिदियो।" उहाँले ड्रागन फलसँगै बेर्ना पनि बिक्री गरी आम्दानी गर्दै आउनुभएको छ । उत्पादन गर्न सकेको खण्डमा बजारको कुनै समस्या नरहेको कृष्णका भाइ अमृत ढुङ्गानाले बताउनुभयो । अमृतले दाजुले उत्पादन गर्नुभएको ड्रागनको सम्पूर्ण बजारीकरणको जिम्मा लिनुभएको छ । "यहाँ उत्पादन भएको ड्रागन पोखरा, स्याङ्जा तथा स्थानीय वालिङ बजारमा र केही बगैँचाबाट नै बिक्री भयो", उहाँले भन्नुभयो, "ड्रागनको बजार माग राम्रो भएकाले बिक्री नहुने समस्या भएन बरु मागअनुसार खपत गर्न सकेनौँ ।" बगैँचामा यसपटक ड्रागन फलेर सकियो तर अझै पनि विभिन्न ठाउँबाट माग आउने क्रम जारी भएको अमृतले बताउनुभयो । अहिले ४० रोपनीमा फैलिएको ड्रागन बगैँचालाई विस्तार गरी ८० रोपनी क्षेत्रफलमा पुऱ्याउने लक्ष्य रहेको अमृतले बताउनुभयो।

झोलामा फाइल बोकेर हिँड्ने नक्कली किसानलाई राज्यले अनुदान दिने गरेकामा उहाँको दुखेसो छ। "वास्तविक किसानले मेहनत गर्छन् तर उनीहरू राज्यले दिने अनुदानमा पर्दैनन्", उहाँले भन्नुभयो, "यसले काम गर्दैन तर पहुँच पुऱ्याउँछ उसैलाई राज्यले अनुदान दिँदा दुःख लाग्दोरहेछ, यद्यपि हामीले अनुदानको आशमा व्यवसाय थालेका भने होइनौँ ।" केन्द्र, प्रदेश तथा स्थानीय सरकारले अनुदान सुरुमै नभई उत्पादनका आधारमा दिनुपर्ने माग उहाँको छ।

# कृषि क्रान्तिका लागि फरक ढङ्गले काम गर्छौं : प्रधानमन्त्री

रासस
काठमाडौं, ११ मंसिर

प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकमा आकर्षक रोजगारीको सिर्जना र कृषि क्रान्तिका लागि फरक ढङ्गले नीति तर्जुमा गरिने बताउनुभएको छ।

सातौँ सामाजिक सुरक्षा दिवसका अवसरमा नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) द्वारा मंगलबार आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले उत्पादन र उत्पादकत्ववृद्धि गरेर न्यायोचित वितरण गर्न आफूहरूले नयाँ ढङ्गले काम गरिरहेको उल्लेख गर्नुभयो।

प्रधानमन्त्री ओलीले आफ्नै समयमा देशमा परिवर्तन ल्याउनुपर्ने भएकाले परिवर्तनको भार भावी सन्ततिलाई जिम्मा नदिने बरू त्यसको अनुभूति दिने बताउनुभयो । नेकपा (एमाले)का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले एमाले गफ गर्नेभन्दा काममा विश्वास गर्ने पार्टी भएकाले जिफन्टकै अग्रसरतामा मुलुकमा सफल मजदुर आन्दोलन भएको र सामाजिक सुरक्षाका कार्यक्रम ल्याउन प्रेरणा मिलेको बताउनुभयो। उहाँले सामाजिक सुरक्षा कार्यक्रम थालनी भएको सात वर्षमा उल्लेख्य काम भएको र आगामी एक वर्षभित्र सामाजिक सुरक्षा कार्यक्रमको अवस्थामा अहिलेको भन्दा प्रगति भएको अवस्था हुने विश्वास व्यक्त गर्नुभयो।

प्रधानमन्त्री ओलीले मजदुर र योगदानकर्ताजस्ता सरोकारवालको प्रतिनिधित्व नभई मजदुरका विषयमा निर्णय गर्ने प्रवृत्ति गलत भएको भन्दै सामाजिक सुरक्षा कोषमा त्यस्तो भएको पाइए सच्याइने प्रतिबद्धता व्यक्त गर्नुभयो । जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले कोष मजदुरमैत्री नभएको गुनासो गर्नुभएको थियो । कार्यक्रममा सामाजिक सुरक्षा कार्यक्रममा पालिकास्तरबाट अगुवाइ गर्ने फेदीखोला गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदी, भीमफेदी गाउँपालिकाका अध्यक्ष हृदम लामा, बाँसगढी नगरपालिकाका प्रमुख खड्गबहादुर खड्का, बेलबारी नगरपालिकाका प्रमुख दिलप्रसाद राई, सुन्दरहरैचा नगरपालिकाका प्रमुख केदारप्रसाद गुरागाईंललाई प्रधानमन्त्री ओलीले सम्मान प्रदान गर्नुभएको थियो।

# घरमै सुत्केरी हुनेको शून्य

पोखरापत्र संवाददाता
म्याग्दी, ११ मंसिर

म्याग्दीको बेनी नगरपालिकामा घरमै सुत्केरी हुनेको सङ्ख्या शून्यमा झरेको छ। घरमा नै शिशु जन्माउँदा आमा र शिशुको ज्यान खतरामा पर्नुका साथै महिलामा विभिन्न समस्याले सुत्केरीपछि सताइरहने हुँदा घरमा नै सुत्केरी हुनेको सङ्ख्या शून्य बनाइएको हो।

जोखिमयुक्त प्रसूतिका कारण हुने जोखिम न्यूनीकरण गरी नवजात शिशु र आमाको स्वास्थ्यमा सुधार ल्याउन 'होम डेलिभरी' शून्य बनाइएको स्वास्थ्य शाखाका प्रमुख चन्दन सुवेदीले बताउनुभयो । बेनी नगरपालिकामा आर्थिक वर्ष २०७८/७९ मा आठ सय ४७, २०७९/८० मा छ सय ७७, २०८०/८१ मा तीन सय ९२ र आव २०८१/८२ को हालसम्म एक सय ४९ जनाले सुरक्षित प्रसूति सेवा लिएका स्वास्थ्य शाखा प्रमुख सुवेदीले बताउनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# नियन्त्रण होइन नियमन गर

मिडियाको नियामक निकाय प्रेस काउन्सिलले समयमै राम्रोसँग अनुगमन नगर्दा जे लेखेपनि हुन्छ । जे प्रसारित गरेपनि हुन्छ भन्ने जमात बढेको छ । सरकारले मिडियाको नियमन गर्न अहिलेको युगग सुहाउँदो कानुन बनाउनुपर्छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई प्रबर्द्धन गर्ने कानुनको आवश्यकता हो । मिडियाको गला रेट्ने कानुनको पत्रकार रर पत्रकारका संगठनले विरोध गरेका हुन । भ्रामक, आधारहिन र गलत समाचारको वकालत गरेका होइनन् । सामाजिक संजालबाट भ्रामक, गलत र गालीगलौज आउन थालेपछि राजनीतिक, सामाजिक र नागरिक समाजले नियामक निकायको खोजी गर्न थालेका छन । नेपाली उखान जब पर्यो राति बल्ल ,,,, ताती भने जस्तै भएको छ ।

प्रेस काउन्सिलले पछिल्लो समयमा कुनै मिडियासँग सम्बद्ध भएका र नभएका सामाजिक सञ्जाल विशेष गरी युट्युब च्यानल तथा फेसबुक पेजबाट सम्प्रेषित सामग्रीको विशेष अनुगमन गरिरहेको छ । सो क्रममा सामाजिक सञ्जालबाट घृणा तथा द्वेष फैलाउने किसिमबाट अपुष्ट, आधारहीन, एकपक्षीय आरोपसहितका सामग्रीमाथि अनुगमन भइरहेको सहप्रवक्ता एवं सूचना अधिकारी रामशरण बोहराले विज्ञप्तिमार्फत जानकारी गराएका छन । गलत, भ्रमपूर्ण, अफवाहपूर्ण, पक्षपोषणयुक्त, गालीगलौजपूर्ण र अतिरञ्जित सामग्रीलाई प्राथमिकतासहित स्थान दिइ प्रकाशन/प्रसारण गर्ने युट्युब च्यानल प्रयोगकर्तामाथि काउन्सिलले पछिल्लो समय कार्यविधि बनाइ कारबाही प्रक्रियाअघि बढाएको छ ।

समयमै कानुन बनाएर व्यवस्थित गर्न नसक्दा मिडियाको दुरुपयोग गर्नेले सबै उस्तै हुन भन्ने भाष्य बनाउन सघाएका छन । यस्तै खालका ९ युट्युब च्यानल र पेज प्रयोगकर्तालाई काउन्सिलले कारबाही गरेको थियो । विना दर्ता सञ्चालित मिसन टुडे, डेलिन्यूज एनपी, सेवायो न्यूज, मिडिया ताजा खबर, ऋणी एशोसिएशन र हट न्यूज नेपाल नामक युट्युब च्यानल र पेजलाई थप अनुसन्धानका लागि प्रहरीमा पत्राचार गरिएको छ । अन्य माध्यमलाई गलत र भ्रमपूर्ण सामग्री हटाई, उक्त सामग्री प्रसारण गर्नुको कारणसहित २४ घण्टाभित्र पेस गर्न काउन्सिलले निर्देशन दिएको छ ।

यस्तै सक्रियता बढाउनु आवश्यक छ । "सञ्चार क्षेत्रलाई व्यवस्थित, विश्वसनीय, मर्यादित र प्रतिष्ठापूर्ण बनाउन प्रेस स्वतन्त्रताको पूर्ण कार्यान्वयन हुनुपर्छ । संविधान र कानुनले स्थापित गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई पालना गर्न, गराउन साथै गल्ती सच्याउने आमसञ्चार माध्यमको प्रतिबद्धतालाई सम्मान गर्नेतर्फ काउन्सिल सदैव सचेत एवं क्रियाशील छ", विज्ञप्तिमा भनिएको छ । सरकारले संचार क्षेत्रलाई व्यवस्थित बनाएर चल्न सक्ने अवस्थाका लागि पनि सक्रियता आवश्यक छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | शुभ यात्रा | तुला | शारीरिक झमेला |
| वृष | स्वास्थ्यमा सुधार | वृश्चिक | मानसिक तनाव |
| मिथुन | सहयोग मिल्नेछ | धनु | ब्यापारमा लाभ |
| कर्कट | अप्रत्यसित लाभ | मकर | शत्रुको भय |
| सिंह | सत्कार मिल्नेछ | कुम्भ | झमेला बढ्ने |
| कन्या | आर्थिक समस्या | मीन | कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कनुहोस् ।


## गोरखाको बगुवामा आँखा केन्द्र स्थापना

पोखरापत्र संवाददाता
गोरखा, ११ मंसिर

यहाँको भीमसेन थापा गाउँपालिकास्थित बगुवामा सहिद स्मृति आँखा उपचार केन्द्र स्थापना गरिएको छ ।

गाउँपालिका भित्रका नागरिकलाई आँखाको उपचारका लागि अन्यत्र धाउन नपरोस् भन्ने उद्देश्यले सोमबारदेखि गाउँपालिका-५ स्थित बगुवा स्वास्थ्य चौकीको भवनबाट आँखा उपचार केन्द्र सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष लोकप्रसाद बन्जराले जानकारी दिनुभयो । गाउँपालिकाले लायन्स आँखा सेवा केन्द्रको सहकार्यमा आँखा उपचार केन्द्रको शुभारम्भ गरेको हो । "सेवा केन्द्र सञ्चालनमा आएसँगै अब पालिकावासीहरू आँखाको उपचारका लागि अन्त जानु पर्दैन," अध्यक्ष बन्जराले भन्नुभयो, "आँखाको उपचार सहज रूपमा उपलब्ध गराउने नीति अनुरूप गाउँपालिकाले चालु आर्थिक बर्षदेखि सेवा केन्द्र सञ्चालनका लागि बजेट विनियोजनसमेत गरेको छ ।" सेवा केन्द्रमा तत्काल एकजना नेत्र सहायक नियुक्त गरी सेवा सुरु गरिएको छ । केन्द्र सञ्चालनका लागि आवश्यक सामग्री तथा उपकरण लायन्स आँखा सेवा केन्द्र गोरखाले उपलब्ध गराएको हो ।

# फेवा सहकारीको सहकारी सदस्य शिक्षा तालिम

पोखरापत्र संवाददाता
पोखरा, ११ मंसिर



फेवा बचत तथा ऋण सहकारी संस्था लि.को रजत जयन्ती (रजत वर्ष) को अवसरमा आयोजित सहकारी सदस्य शिक्षा कार्यक्रम एक कार्यक्रम बीच शिक्षा उप समितिको सक्रियतामा सम्पन्न भएको छ ।

उक्त सहकारी सदस्य शिक्षा तालिम कार्यक्रममा तमू सांस्कृति प्रतिष्ठान नेपाल का कार्य समिति लगायत संस्थाका शेयर सदस्य र कर्मचारी समेत करिब १ सय ५० जनाको सहभागितामा सम्पन्न तालिममा फेवा सहकारीका निबर्तमान अध्यक्ष क्या.चन्द्र प्रसाद गुरुङ्गको प्रमुख अतिथिमा ब्यानरमा हस्ताक्षर गरि तालिमको उद्घाटन गर्नुहुदै सहकारीको हालको अबस्था र आफ्ना शेयर सदस्यहरूलाई कसरी सक्रिय बनाउने र सहकारीको निती नियम र सहकारीको सदस्य हुन के के बुझ्नुपर्ने जानकारी गराउने उद्देश्य राखी संचालन गरेको तालिमको सफलताको शुभकामना दिनुभयो ।

उक्त सहकारी सदस्य तालिम कार्यक्रममानराष्ट्रिय सहकारी बैंक लि. गण्डकी प्रदेशका प्रमुख एवं प्रमुख प्रशिक्षक नरेश पाण्डेले सरल शैलीमा सबैले बुझ्नेगरी प्रशिक्षण दिनु हुँदै सहभागी शेयर सदस्यहरूले संस्था प्रति गर्नु पर्ने दायित्व, संस्था सञ्चालन गर्न जिम्मेवारी व्यक्तिको इमान्दारी हुनु पर्ने, यस संस्था गण्डकी प्रदेशको उत्कृष्ठ संस्थामा छनोट भएको र आगामी दिनमा केन्द्रकै उत्कृष्ठ संस्था बनाउन सदस्यहरुको महत्वपूर्ण योगदान हुनु पर्ने र संस्था दिर्घकालीन रुपमा राम्रो हुन सानो सानो बचतलाई बढी प्रथामिकता दिनु पर्ने र मासीक बचत अनिवार्य गराउनु पर्ने कुराहरुमा सहजीकरण गराउनुहुँदै फेवा सहकारी कस्को भन्दा फेवा सहकारीलाई मेरो सहकारी भनेर भनी सबै कारोबार फेवा बाटै गरेर मजबुत बनाउनु पर्ने र बेला बेलामा निगरानी गर्नु पर्ने कुरामा जोड दिनुहुदै फेवा सहकारीको सहकारीका सबै कोष हरू मजबुत रहेको बताउनु भयो ।

उक्त तालिम कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेलले संस्थाको वित्तिय अवस्था प्रस्तुत गर्नु हुदै २७ जना शेयर सदस्यबाट रु.४६५००/- पुँजी जम्मा गरी सुरुवात गरेको संस्थाको हाल २६२३ जना शेयर सदस्य र १ अर्व ३२ करोड रूपैया बराबरको कारोबार पुगेको र संस्थाको जगेडा कोष ८ करोड २ लाख रूपैया रहेको बताउनुहुदै संस्था अझ बढी मजबुद हुन जगेडा कोषमा अझ बढि बृद्धि गर्नु पर्ने कुराहरू शेयर सदस्यहरु माझ प्रष्ट पार्नु भएको कार्यक्रममा संस्थाका कार्यकारी अधिकृतले राम्रा सदस्यहरु ऋण माग गर्न आएमा संस्थाले ऋण लगानी गर्न तरलता पर्याप्त मात्रामा रहेको बताउनु भएको थियो भने यस्ता खालका कार्यक्रमहरु चरण बद्ध तरिकाले गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

तालिम कार्यक्रममा सहभागी तमू सांस्कृति प्रतिष्ठान नेपालका अध्यक्ष चित्र बहादुर गुरुङ्गले शुभ कामना का साथ प्रतिष्ठानको नाम मा रहेको अक्षयकोषबाट प्राप्त ब्याज बाट हाल नेपालका २२ जिल्लामा गुरूङ जातीय पहिचान भए का अति बिपन्न बर्गका बालबालिकाहरूलाइ स्कलर शिप दिएर पठन पाठन कार्यमा सहयोग गरेको र उक्त कार्यमा फेवाको ठुलो सहयोग रहेको बताउनु भएको उक्त तालिममा शेयर सदस्य हरि बहादुर थापालगायत धेरै सदस्यले सहकारीको अहिलेको परिस्थिति सम्बन्धि छलफल गरी सुझाव आदान प्रदान गरिएको थियो ।

कार्यक्रममा संस्थाका सञ्चालक किरन बैद्य विजुक्छेले सहकारीका सात सिद्धान्त बाचन गर्नु भएको उक्त तालिममा संस्थाका शिक्षा समिति सदस्य किरण पाण्डेले स्वागत स्वागत गर्नुभएको उक्त तालिममा फेवा बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष सम्मर बहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रमको फेवा सहकारी शिक्षा समितिका सदस्य ऋषिराम पौडेलले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

# विद्यार्थी घटेपछि बागलुङका दश विद्यालय बन्द

पोखरापत्र संवाददाता
बागलुङ, ११ मंसिर

विद्यार्थी सङ्ख्या न्यून भएपछि यहाँको जैमिनी नगरपालिकाका १० विद्यालय बन्द गरिएका छन् ।

नगरपालिकाले तत्कालै पाँच विद्यालय बन्द गर्ने निर्णय गरेको छभने बाँकी पाँच विद्यालय आगामी शैक्षिक सत्रदेखि बन्द गर्नेगरी समायोजन गरेको छ । पाँच विद्यालयका शिक्षक दरबन्दी अन्यत्र मिलान गरिएको छ । पाँच विद्यालयमा एकजना मात्रै दरबन्दी कायम गरिएको छ ।

नगरपालिकाले विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका २०८० अनुसार आगामी शैक्षिक सत्रदेखि लागू हुनेगरी पाँचवटा विद्यालय समायोजन गर्ने निर्णय गरेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो । शर्माले विद्यार्थी नभएका विद्यालयमा दरबन्दी रहने र विद्यार्थी धेरै भएको स्थानमा शिक्षक अभाव हुने अवस्थाको अन्त्य गर्न समायोजन गरिएको बताउनुभयो । तत्काल बन्द भएका विद्यालय प्राथमिक तहका हुन् । चारजना भन्दा थोरै विद्यार्थी भएका पाँच प्राथमिक विद्यालय बन्द गरेर ११ शिक्षक दरबन्दी अन्य विद्यालयमा मिलान गरिएको छ । बन्द हुने विद्यालयमा जनज्योति प्रावि, जनभावना प्रावि दमेक, टारा ज्योति प्रावि छिस्ती, क्वाङ्गदी प्रावि, छिस्ती र सर्वोदय प्रावि सकुर्वा रहेका छन् । जसमध्ये सर्वोदय प्रावि र टारा ज्योति प्रावि छिस्तीमा विद्यार्थी सङ्ख्या शून्य थियो । अन्य तीन विद्यालयमा विद्यार्थी सङ्ख्या चारजना भन्दा कम भएपछि विद्यालय बन्द गरी समायोजन गरिएको हो । "विद्यालय बन्द हुँदा मारमा परेका टाढाका विद्यार्थीलाई आवासीय सुविधासहित 'लिड' विद्यालयको अवधारणा ल्याएका छौं", उपप्रमुख शर्माले भन्नुभयो, "आवासीय सुविधासहित एकै स्थानमा पढाउँदा शैक्षिक गुणस्तर वृद्धि हुन्छ र लगानी खेर जाँदैन ।" शिक्षा समितिको सिफारिसमा पाँच प्राथमिक विद्यालयलाई आगामी वर्ष समायोजन गर्ने गरी एकजना मात्रै दरबन्दी कायम गरिएको नगर शिक्षा अधिकारी खेमप्रसाद आचार्यले जानकारी दिनुभयो । एक शिक्षकको मात्रै दरबन्दी कायम गरिएको विद्यालयमा जैमिनी प्रावि कुश्मिसेरा, सिद्धिगणेश प्रावि कुश्मिशेरा, एकता प्रावि पैयुथन्थाप, दिव्यज्योति प्राथमिक विद्यालय दमेक र शङ्कर प्रावि राङ्खानी रहेका छन् ।

विद्यार्थी र अभिभावकलाई आम्दानीसँग जोड्ने, आवासीय सहितको विद्यालय बनाउँदै नगरकै शैक्षिक हब बनाउन जैमिनी नगरपालिका-५ बिनामारेस्थित सर्वोदय जनक माविलाई अगुवा (लिड) विद्यालयका रूपमा अगाडि बढाएको छ ।


HIMALAYANLIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको र नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुादा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI0610003599 | प्रमिसा भट्टराई | लेखनाथ-८, कास्की |



**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**पोखरा**

**प्रविधि हस्तान्तरण सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति-२०८१/०८/१२**

यस कार्यालयको स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत संञ्चालित उद्योग प्रवर्धनका लागि साझेदारीमा उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमका लागि यस कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुले देहायका कागजजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालयबाट प्राप्त हुने निवेदन भरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ । म्याद नाघि आएको र रित नपुगेको प्रस्तावलाई उक्त कार्यक्रममा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**संम्लग्न गर्नुपर्ने कागजजातहरु**

- नविकरण अद्यावधिक रहेको उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
- PAN/VAT दर्ताको प्रतिलिपी र कर चुक्ता (०८०/०८१) प्रमाणपत्रको प्रतिलिपी ।
- उद्यमीले लिएको उद्योगसँग सम्बन्धित तालिमको प्रमाणपत्रको प्रतिलिपी ।
- पछिल्ला तिन आर्थिक वर्षहरुमा कुनै पनि सरकारी निकायवाट प्रविधि नलिएको स्वः घोषणापत्र ।
- उद्योगवाट रोजगारी पाएका व्यक्तिहरुको नियुक्ति/सम्झौता लगायतका कागजजातहरुका प्रतिलिपी ।
- बैदेशिक रोजगारीबाट फर्कीएर उद्योग संञ्चालन गरेकाको हकमा सो व्यहोरा प्रमाणित गर्ने कागजात ।
- उद्योगको व्यवसायिक योजना ।
- माग गरेको प्रविधिको कोटेशन ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**



**सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/१२)

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं.३३ मा कृषि क्षेत्र बिस्तार गरी निर्माण सामग्री उत्खनन तथा संकलन कार्य सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा आयोजना स्थलमा मिति २०८१/०८/१४ गते शुक्रबारको दिन बिहान ८:३० बजे सरोकारवालाहरुको उपस्थितीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु ।

आयोजक
नामः प्रेम पहारी
फोन नं. ९८५६०२८३२९

## गण्डकीमै पहिलो पटक एआई एक्सरे मेसिन सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, ११ मंसिर

गण्डकी प्रदेश सरकारले (आर्टिफिसियल इन्टिलिजेन्स) एआई एक्सरे मेसिन सञ्चालनमा ल्याएको छ। छाती रोगसम्बन्धी खोजपडतालका लागि गण्डकी प्रदेशमा नै पहिलो पटक बागलुङको गलकोटबाट सेवा शुभारम्भ भएको हो।

गलकोट नगरपालिका-११ रिघा स्वास्थ्यचौकीमा आयोजना गरिएको एक्सरेद्वारा छातीरोग खोजपडताल कार्यक्रममा गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले मेसिनको शुभारम्भ गर्नुभयो। अत्याधुनिक प्रविधिसहितको मेसिनको प्रयोगद्धारा छातीरोगको समयमा खोजी र उपचारका लागि प्रदेश सरकारले काम थालेको उहाँले बताउनुभयो। क्षयरोग उपचार केन्द्र गण्डकी प्रदेश पोखराले रु एक करोड ७५ लाख खर्च गरी खरिद गरेको एआई एक्सरे मेसिनले प्रदेशभरी खोजपडताल कार्यक्रम आयोजना गरेर छाती रोगको पहिचान गरिने मन्त्री पाठकले बताउनुभयो। क्षयरोग लागयतका छातीसम्बन्धी रोगको समयमा उपचार नहुँदा नागरिकले ज्यान गुमाउनुपर्ने बाध्यता अन्त्यका लागि प्रविधि, जनशक्ति र उचारमा प्रदेश सरकारले कार्यक्रम ल्याएको उहाँले बताउनुभयो।

## विपद्‌बाट जोगिन पर्वतमा मौसम सूचना केन्द्र स्थापना

पोखरापत्र संवाददाता
पर्वत, ११ मंसिर

मौसमका कारण घट्ने विपद् जन्य घटनाको न्यूनीकरण गर्ने उद्देश्यले पर्वतमा मौसम सूचना केन्द्र स्थापना गरिएको छ। युएसएआइडीको आर्थिक सहयोगमा आपसी सहयोग केन्द्र (आस्क) नेपालले मोदी गाउँपालिकामा मौसम सूचना केन्द्र (वेदर स्टेशन) स्थापना गरेको हो।

मौसमको पूर्वानुमान गरी नागरिकलाई सम्भावित जोखिमबारे समयमा जानकारी दिने उद्देश्यले स्टेशन स्थापना गरिएको गाउँपालिकाले जनाएको छ। यसबाट विशेगरी वायुमण्डलीय अवस्थाका विभिन्न पक्षहरूको मापन, निगरानी र विश्लेषण गरी नागरिकलाई समयमा सूचना प्रवाह गरिने मोदी गाउँपालिकाका सूचना तथा सञ्चार प्रविधि अधिकृत दिपक शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार रु पाँच लाख ५० हजारको लागतमा मौसम सूचना केन्द्र स्थापना भएको हो। यसले मुख्यगरी तापक्रम मापन गर्ने, हावाहुरीको गति र दिशाका बारेमा जानकारी दिनुका साथै वर्षा र आर्द्रता मापन गर्नेछ। साथै जलवायु अध्ययन, आपतकालीन पूर्वसूचना प्रदान गर्न सहयोग पुग्ने शर्माले बताउनुभयो।

यो सूचना केन्द्रलाई जल तथा मौसम विज्ञान विभागका विभिन्न भागमा रहेका जलवायु मापन केन्द्रहरूसँग समन्वय गरी दैनिक रूपमा एकीकृत विवरणहरू उपलब्ध गराउने मोदी गाउँपालिकाले तयारी गरेको छ। केन्द्र स्थापनासँगै विशेषगरी वर्षायाममा हुने बाढीपहिरोका घटनाबाट जनधनको क्षति न्यूनीकरण गर्न सहयोग पुग्ने विश्वास लिइएको छ। बेमौसममा हुने वर्षा, असिना, चट्याङ र हावाहुरीका कारण कृषि बाली, पशुचौपाया तथा मानवीय क्षति न्यूनीकरण गर्न सकिने भएकाले यसलाई प्रभावकारी रूपमा सञ्चालन गरिने मोदी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम पुरीले बताउनुभयो।


# धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

**दोश्रो पटक प्रकाशित मिति २०८१/०८/१२**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कास्की पोखरा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो उद्योग/व्यापार, व्यवसाय संचालन गर्न लिनु भएको ऋणको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८१/०४/२५ गतेको आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई संस्थासँग गरेको ऋण सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको विनियम, ऋण नीति २०७७ तथा ऋण असुली नीति २०७७ ले दिएको अधिकार तथा संस्थाको नियमानुसार अधिकार प्रयोग गरी बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३५ औं दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्दा कुनैपनि गोप्य शिलबन्दी बोलपत्र नपरेको हुँदा तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही दोश्रो पटक यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, संचालक धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न, धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै ऋण असुलीको कारवाही अन्तर्गत ऋणी, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखि यथाशिघ्र ऋण भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत हार्दिक अनुरोध गर्दछौं।

## तपसिल

<table>
<tr><th>ऋणीको फोटो</th><th>ऋणी सदस्यको विवरण</th><th>जमानीको फोटो</th><th>जमानीको विवरण</th></tr>
<tr><td></td><td>१. नाम: निर्मला कार्की भण्डारी<br>जन्म मिति: २०३७/०३/२८, वर्ष:४४<br>ना.प्र.नं. ५०९७३ जारी मिति: २०५३/१०/२३ जि.प्र.का. कास्की<br>पति: राजेन्द्र भण्डारी<br>ससुरा: कान्छा भण्डारी<br>ठेगाना: साविक : कास्की, पोखरा-१०<br>हाल: पोखरा-१०, रामघाट, भानुमार्ग</td><td></td><td>१. नाम: राजेन्द्र भण्डारी<br>ना.प्र.नं.:३०१६७, जारी मिति:२०५१/११/०१ जि.प्र.का. कास्की<br>बाबु : कान्छा भण्डारी<br>बाजे: खड्ग बहादुर भण्डारी<br>ठेगाना: साविक कास्की, पोखरा-१०<br>हाल: पोखरा-१०, रामघाट, भानुमार्ग</td></tr>
<tr><td colspan="4">धितो विवरण : श्री निर्मला कार्की भण्डारीको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा वडा नं १० स्थित कित्ता नं ७० को क्षेत्रफल २७४.४० वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।</td></tr>
<tr><td></td><td>१. नाम: इश्वरी थापा<br>जन्म मिति: २०३७/०३/०६, वर्ष: ४४<br>ना.प्र.नं. ९२०१५, जारी मिति: २०५६/०७/१९ जि.प्र.का. कास्की<br>पति: कमल बहादुर थापा<br>ससुरा: मन बहादुर थापा<br>ठेगाना: साविक पोखरा-१४, कास्की, हाल मादी-०५, ठूलास्वारा</td><td></td><td>१. नाम: कमल बहादुर थापा<br>ना.प्र.नं. १३७२, जारी मिति: २०४९/०६/१५<br>जि.प्र.का. कास्की<br>बाबु : मन बहादुर थापा<br>बाजे: सेर बहादुर थापा<br>ठेगाना: साविक पोखरा-१४, कास्की, हाल मादी-०५, ठूलास्वार</td></tr>
<tr><td colspan="4">धितो विवरण : श्री इश्वरी थापाको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला ठूलास्वारा गा.वि.स./न.पा. वडा नं ३ (हाल मादि गा.पा. वडा नं. ५) स्थित कित्ता नं १८६ को कुल क्षेत्रफल ६-१२-०-३/३,४३९.९६ वर्ग मि. र मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला ठूलास्वारा गा.वि.स./न.पा. वडा नं २ (हाल मादि गा.पा. वडा नं. ५) स्थित कित्ता नं ३५७, ३५८ को कुल क्षेत्रफल ११-१३-१-२/६,०२१.४१ वर्ग मि. जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।</td></tr>
<tr><td></td><td>१. नाम: इन्द्रमाया के.सी.<br>जन्म मिति: २०३८/०६/३०, वर्ष: ४२<br>ना.प्र.नं.६०६७२, जारी मिति: २०५४/१२/१३, जि.प्र.का. कास्की<br>पति: कृष्ण कार्की<br>ससुरा: खड्क बहादुर कार्की<br>ठेगाना: साविक, पोखरा-५, कास्की<br>हाल पोखरा-१४, औंधोगिक क्षेत्र</td><td></td><td>१. नाम: कृष्ण कार्की<br>ना.प्र.नं.४७५९५,<br>जारी मिति: २०५३/०५/२६, जि.प्र.का. कास्की<br>बाबु: खड्क बहादुर कार्की<br>बाजे: पदम बहादुर काकी<br>ठेगाना: साविक पोखरा-१८, कास्की<br>हाल पोखरा-१४, औंधोगिक क्षेत्र</td></tr>
<tr><td colspan="4">धितो विवरण : श्री इन्द्रमाया के.सी.को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला छीनेडांडा वडा नं ४ स्थित कित्ता नं १२००, १२२२ को कुल क्षेत्रफल २-७-३-२/१२६७.८७ वर्ग मि. जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।</td></tr>
</table>

**लिलाम बिकीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समयभित्र रु १,०००/- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन दिउँसो ठिक ०३:३० बजेसम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफूले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्थाको भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आपसि सहमतिमा गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम विक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्तबुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफूमा लिन/अधिनमा राख्न सकनेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयम खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।
१४. ऋण रकम तथा ऋणसँग सम्बन्धित अन्य सम्पूर्ण विवरण आवश्यक परेमा संस्थाको ऋण शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।

**पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।**

| बोलपत्र पेश गर्ने | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८१/०९/०२ सम्म<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः विहान १०:०० देखि बेलुका ४:३० सम्म | मितिः २०८१/०९/०३<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः ०२:३० दिउँसो |

# कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा वडा नं. १३, कुँडहर, १३ नं. वडा कार्यालय अगाडि

फोन नं. ०६१-५८५७९५, ०६१-५८०५६७, ०६१-५७६९८८, Email : ccsccltd@gmail.com